केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१०/०७३/७४ मिति: २०७३/०९/२६

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमका नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ इ.प्रा. निर्देशन नं. ६/०७३ को बुँदा नं. २ र ४ पछि देहाय बमोजिमका क्रमश: बुँदा नं. २क र ४क थप गरिएको छ :

*२क. सञ्चालक शिक्षा कार्यक्रम :*

*१. बैंक तथा वित्तीय संस्थामा नयाँ सञ्चालक नियुक्त/मनोनित भई आए पश्चात् सम्बन्धित संस्थाले आफ्नो संरचना, व्यवसायको प्रकृति, संस्थागत सुशासन, संस्थागत रणनीति, व्यवसायिक योजना, सञ्चालकको कर्तव्य तथा उतरदायित्व, जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाइएका रणनीति, समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था, वर्तमान कानूनी व्यवस्था, प्रचलनमा रहेका बैंकिङ्ग सेवा तथा पद्धति र यस बैंकबाट जारी गरिएका निर्देशन आदि बिषयहरु समेटी एक महिनाभित्र अभिमुखीकरण (Orientation) गराउनु पर्नेछ ।*

*२. बैंक तथा वित्तीय संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest), अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practice) समेटी आफ्ना सबै सञ्चालकहरुलाई हरेक वर्ष कम्तीमा एकपटक अभिमुखीकरण/पुनर्ताजगीकरण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।*

*३. बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिले बुँदा नं. १ र २ मा भएको व्यवस्था समेटी सञ्चालकको योग्यता तथा बैंकिङ्ग क्षेत्रको कार्य अनुभवका आधारमा प्रत्येक सञ्चालकलाई प्रदान गर्ने सञ्चालक शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि बनाई लागु गर्नु पर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*४क. कर्मचारी दक्षता अभिबृद्धि सम्बन्धमा :*

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कुल कर्मचारी खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ :

(क) तालिम तथा वृत्ति विकास खर्चको गणना गर्दा गत वर्षको कुल कर्मचारी खर्चलाई आधार लिनु पर्नेछ ।

(ख) तालिम तथा वृत्ति विकास खर्चबाट संस्थाका सबै कर्मचारीहरुले दक्षता अभिवृद्धिमा समान अवसर प्राप्त गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) सञ्चालक समितिका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी कुनै पनि खर्च र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै सभा वा सम्मेलनमा सहभागी हुँदाको प्रतिनिधि मण्डलको खर्च यस अन्तर्गत समावेश गर्न पाइने छैन ।

(घ) प्राथमिक बैकिङ्ग कार्य (Core Banking Functions) सँग प्रत्यक्ष सम्बन्धित बढीमा तीन महिनासम्मको स्वदेशी वा विदेशी तालिम तथा गोष्ठी सम्बन्धी खर्च समावेश गर्न पाइनेछ ।

(ङ) तालिममा मनोनित/सहभागी हुँदा बैंकको नियमानुसार लाग्ने खर्च यस अन्तर्गत समावेश गर्न पाइनेछ ।

(छ) तालिम प्रदायक संस्थाको छनौट गर्दा त्यस्तो संस्थाको ख्याति, प्रतिष्ठा र विश्वसनीयतालाई आधार बनाउनु पर्नेछ ।

(ज) स्वदेशी तालिम तथा गोष्ठीको हकमा राष्ट्रिय स्तरका बैंकिङ्ग तालिम प्रदायक संस्थाहरु जस्तै: नेशनल बैंकिङ्ग इन्स्टिच्यूट, नेपाल चार्टड् एकाउन्टेन्टस संस्था, नेपाल राष्ट्र बैंक, नेपाल सरकारले आयोजना गरेका तालिम तथा गोष्ठी, अनुशिक्षण कार्यक्रम, सेमिनार आदिमा सहभागी गराउँदा लाग्ने खर्च तथा संस्था आफैले तालिम सञ्चालन गर्दा लाग्ने खर्चलाई तालिम तथा वृत्ति विकास खर्चमा समावेश गर्न पाइनेछ । साथै, बैंक तथा वित्तीय संस्थाले आफ्नै आवासीय तालिम केन्द्र मार्फत् तालिम सञ्चालन गर्दा लाग्ने खर्चहरु यस अन्तर्गत समावेश गर्न पाइनेछ ।

(झ) कथम कदाचित् चालु आर्थिक बर्ष २०७३/७४ मा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसार खर्च हुन नसकेमा त्यस्तो बाँकी रकमलाई कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गरी आगामी आर्थिक वर्ष २०७४/७५ मा खर्च गर्नु पर्नेछ ।

(ञ) बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिले कर्मचारीहरुको दक्षता अभिवृद्धि सम्बन्धमा कार्यविधि बनाई लागु गर्नु पर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



*नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ इ.प्रा. निर्देशन नं. १४/०७३ को बुँदा नं. १ को खण्ड (ञ) पश्चात् देहाय बमोजिम को खण्ड (ट) थप गरिएको छ :

*(ट) इजाजतपत्रप्राप्त संस्थाहरुले शाखा कार्यालयहरुको कामकारबाहीको अनुगमन, निरीक्षण, आन्तरिक लेखापरीक्षण लगायत अन्य प्रशासनिक कार्यहरु गर्ने गरी क्षेत्रीय कार्यालय स्थापना गर्न सक्नेछन् । यसरी क्षेत्रीय कार्यालय स्थापना गर्दा निम्नानुसारको व्यवस्था/प्रक्रिया पालना गर्नु पर्नेछ ।*

*(१) एक क्षेत्रीय कार्यालय अन्तर्गत कम्तीमा १० वटा शाखा कार्यालयहरु रहने व्यवस्था गर्नु पर्नेछ । सो मध्ये ४० प्रतिशत शाखा कार्यालयहरु ग्रामीण स्थानमा सञ्चालनमा रहेको हुनु पर्नेछ । विगतमा यस बैंकको स्वीकृति लिई वा नलिई सञ्चालन गरिएका क्षेत्रीय कार्यालयको हकमा २०७४ असार मसान्तभित्र यस व्यवस्था बमोजिम शाखा तथा ग्रामीण शाखा कायम गरिसक्नु पर्नेछ ।*

*(२) एकै जिल्ला/अञ्चल/क्षेत्रभित्रका शाखा कार्यालयहरुलाई एउटै क्षेत्रीय कार्यालयको मातहतमा राख्नु पर्नेछ ।*

*(३) क्षेत्रीय कार्यालयले आफू मातहतका शाखा कार्यालयहरुको कामकारबाहीको अनुगमन, निरीक्षण तथा लेखापरीक्षणका अतिरिक्त केन्द्रीय कार्यालयले तोकिदिएका अन्य कार्यहरु जस्तैः आफूलाई तोकिएको सीमाभित्रको शाखा कार्यालयहरुबाट प्राप्त कर्जा फाइल अध्ययन गरी स्वीकृतको निर्णय लिने, केन्द्रीय कार्यालयबाट प्राप्त मसलन्दको व्यवस्थापन गर्ने, मातहतका शाखा कार्यालयहरुमा वितरण गर्ने, नयाँ शाखा कार्यालयको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने लगायतका अन्य प्रशासनिक कार्यहरु समेत गर्न सक्नेछ ।*

*(४) क्षेत्रीय कार्यालयबाट बैंकिङ्ग कारोबार गर्न/गराउन पाइने छैन ।*

*(५) क्षेत्रीय कार्यालय खोल्नु पूर्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले सो कार्यालय खोल्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।*

*(६) क्षेत्रीय कार्यालय सञ्चालनमा आएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ ।*

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ इ.प्रा. निर्देशन नं. २३/०७३ को बुँदा नं. ३० को उपबुँदा नं. ५ को खण्ड (२) र (५) लाई देहाय बमोजिम संशोधन गरिएको छ :

*(२) यस बैंकबाट प्रवाह हुने कुल पुनरकर्जा सुविधाको सीमा बैंक तथा वित्तीय संस्थाको प्राथमिक पुँजीको अधिकतम २५ प्रतिशत भन्दा बढी हुने छैन ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(५) पुनरकर्जाको अवधि बढीमा एक वर्षको हुनेछ। एक पटक लिएको पुनरकर्जा चुक्ता गरिसकेपछि मात्र पुनः पुनरकर्जा माग गर्न सकिनेछ।

भवदीय,

२०७३।९।२६

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ।